नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

नापी बिभाग

# नापी कार्यालय रुकुम (पश्चिम)

फोन नं. ०८८-५३००५

पत्र संख्याः- २०७८\०७९

चलानी नः- ५८६

मितिः-२०७८।०८।१३

विषयः ट्रेस नक्सा सेवा बन्द गरिएको।

श्री सबै बैंक, वित्तिय संस्थाहरु

रुकुम पश्चिम

यस नापी कार्यालयबाट सरोकारवाला निकाय तथा व्यक्तीहरुबाट माग भई आएका नक्सा र ट्रेस उपलब्ध गराउँदै आएकोमा "जग्गा नाप जाँच तथा श्रेस्ता अध्यावधिक सम्बन्धी निर्देशिका, २०७३" को दफा ६६(६) वमोजिम "डिजिटल प्रविधिबाट सेवा प्रवाह भएका कार्यालयहरुबाट नक्सा ट्रेस उपलब्ध गराईने छैन" भन्ने व्यवस्था अनुसार मिति २०७८/०८/१९ देखि नक्सा ट्रेस सेवालाई बन्द गरि नक्सा प्रिन्ट मात्र उपलब्ध गराउने ब्यहोरा सरोकारवाला सबै निकायहरु र सर्वसाधारणहरुमा मिति २०७८/०८/१३ को निर्णयानुसार जानकारी गराईन्छ ।

७८।०८।१३

(संजय मानन्धर)

कार्यालय प्रमुख

संजय मानन्धर
नापी अधिकृत

वोधार्थः आवश्यक समन्वय र सहयोगको लागि।

श्री नापी विभाग, मिनभवन, काठमाण्डौं

श्री जिल्ला समन्वय समितिको कार्यालय, रुकुम पश्चिम

श्री जिल्ला प्रशासन कार्यालय, रुकुम पश्चिम

श्री मुसिकोट नगरपालिका, रुकुम पश्चिम

श्री चौरजहारी नगरपालिका, रुकुम पश्चिम

श्री आठविसकोट नगरपालिका, रुकुम पश्चिम

श्री सानिभेरी गाँउपालिका, रुकुम पश्चिम

श्री त्रिवेणी गाँउपालिका, रुकुम पश्चिम

श्री वाफीकोट गाँउपालिका, रुकुम पश्चिम

*(पूनश्चः निर्णयको छाँयाप्रति पत्र साथै समावेश गरिएको छ।)*

आज मिति २०७८।०८।१३ गते सोमवारका दिन यस नापी कार्यालय रुकुम पश्चिमका नापी अधिकृत श्री संजय मानन्धरको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथी छलफल गरी निम्न निर्णय गरियो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| श्री संजय मानन्धर | नापी अधिकृत | |
| श्री तिलक बहादर के.सी | सर्भेक्षक | |
| श्री जगबिर बिष्ट | सर्भेक्षक | |
| श्री राजेन्द्र बटाला | अमिन | |
| श्री लाल बहादर भन्डारी | अमिन | |
| श्री टोपजंङ्ग खत्री | अमिन | |
| श्री नविन के.सी | अमिन | |
| श्री गेदलाल खत्री | का.स. | |
| श्री यमुना बि.क. | का.स. | |
| श्री गोरख बहादुर के.सी | का.स. | |

**प्रस्ताव :**

प्रस्ताव नं. १ ट्रेस नक्सा उपलब्ध गंराउने सम्बन्धमा ।

**(क) बर्तमान अवस्था :**

१) नापी कार्यालयहरुले विगतमा नक्साहरुको स्क्यानिङ्ग र डिजिटाईजेशन गरी नसक्दाको अवस्थामा ब्लुप्रिन्ट नक्सा तथा बैंक तथा वित्तिय संस्थाहरुको माग बमोजिम नक्सा ट्रेस उपलब्ध गराउदै आएको ।

२) नापी विभागबाट स्वीकृत **"जग्गा नापजांच तथा नक्सा श्रेस्ता अध्यावधिक सम्बन्धी निर्देशिका, २०७३"** को दफा ६६ (१) मा "आवस्यक प्रकिया पुऱ्याई नक्सा ट्रेसमाग गरिएमा सम्बन्धित वित्तिय संस्थाको आधिकारीलाई ट्रेसमा नै सहिछाप गराई उक्त प्रतिनिधिलाई बुझाउने" व्यवस्था रहेको ।

३) वि.स. २०७४ सालदेखि यस नापी कार्यालय अन्तर्गतका नक्सा तथा अभिलेखहरु स्क्यानिङ्ग र डिजिटाईज गरी डाटावेश समेत निर्माण भई माग बमोजिमका कित्ताहरुको नक्सा र ट्रेससमेत कम्प्युटर मार्फत उपलब्ध गराउदै आएको ।

**(ख) सेवा प्रवाहमा सुधारको आवश्यक्ता :**

१) हाल सबै नापी कार्यालयहरुले सेवा प्रवाहमा डिजिटल डाटाको प्रयोग गर्दै नक्सा प्रिन्ट र ट्रेसदुबैको सट्टामा नक्सा प्रिन्ट उपलब्ध गराउदै आएको ।

२) **"जग्गा नापजांच तथा नक्सा श्रेस्ता अध्यावधिक सम्बन्धी निर्देशिका, २०७३** को दफा ६६ (६) मा "डिजिटल प्रविधिमा सेवा प्रवाह भएका कार्यालयबाट नक्सा ट्रेस उपलब्ध गराईने छैन" भनी व्यवस्था भएको ।

३) हाल विभिन्न बैंक तथा बित्तिय संस्थाहरुले ट्रेस नक्सा माग गर्दा सर्वसाधारण तथा सेवाग्राहीहरुलाई अनावश्यक आर्थिक भार,झन्झट र यस कार्यालयलाई कार्यबोझ थपिदै आएको ।

४) डिजिटल प्रविधिबाट सेवा उपलब्ध गराउदा नक्सा प्रिन्ट र नक्सा ट्रेसमा कुनै पनि भिन्नता नहुने र शुद्धताको चुहावट समेत नुहने ।

(ग) तत्काल गर्नुपर्ने सुधार :

१) बर्तमानमा यस नापी कार्यालयले उपलब्ध गराउदै आएको ट्रेस नक्साको उद्वेश्य नक्सा प्रिन्टबाट नै पुरा हुने अवस्थामा थप ट्रेस नक्सा उपलव्ध गराउँदा सर्वसाधारण सेवाग्राहीलाई थप आर्थिक भार थपिने मात्र नभै सम्बन्धित सेवाग्राही/ व्यक्ति र कार्यालय समेतको अनावश्यक कार्य बोझलाई कम गर्न हाल यस कार्यालयले उपलव्ध गराउदैं आएको ट्रेस उतार कार्यलाई मिति २०७८।०८।१९ गते आईतबार देखि बन्द गर्ने, सो को जानकारी सम्बन्धित निकायहरुलाई गराउने ।

निर्णय :

प्रस्ताव नं. १ उपर छलफल गरी यस नापी कार्यालयले उपलब्ध गराउदै आएको नक्सा ट्रेशको उद्वेश्य नक्सा प्रिन्ट बाटै प्राप्त हुने भएकोले सेवागहीलाई पर्ने आर्थिक भार, झन्झटलाई समेत न्युनिकरण गर्न मिति २०७८।०८।१९ देखि नक्सा ट्रेस सेवालाई बन्द गर्ने र सो को जानकारी सम्बन्धित बित्तिय संस्था र कार्यालयहरुलाई गराउने निर्णय गरियो ।